# एनआईबिएल एस क्यापिटल लिमिटेड तथा नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेडको शाखा कार्यालयहरुबाट हितग्राही खाता खोल्नु हुने सम्पूर्ण खातावालाहरुलाई वार्षिक संचालन शुल्क बुझाउने बारेको अत्यन्त जरुरी सूचना

यस एनआईबिएल एस क्यापिटल लिमिटेड तथा नेपाल इन्भेष्टमेण्ट बैक लि.को कार्यालयहरु मार्फत हितग्राही खाता खोली आफ्नो धितोपत्रको कारोबार गरिरहनु भएका खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५/२०७६ भित्र खाता खोल्नु भएका हितग्राहीहरुले प्रत्येक आ.व.को बार्षिक शुल्क वापत बुझाउनु पर्ने रकम रु.१००/- बुझाउन बाँकी रहेका हितग्राहीहरुले यस कम्पनीमा बुझाउनु हुन वा नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेडको आफ्नो पायक पर्ने नजिकको शाखा कार्यालयहरुमा सम्पर्क राखी यस कम्पनीको नाममा रहेको श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरबारमार्गको तल उल्लेखित बैंक खातामा उक्त संचालन शुल्क जम्मा गरि आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

**नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरबारमार्गमा रहेको यस कम्पनीको खाताको विवरणः**

| | |
|---|---|
| **खातावालाको नाम** | **एनआईबिएल एस क्यापिटल लिमिटेड** |
| **खाता नम्बर** | **००१०१०१०३१२१९६** |
| **जम्मा गर्नेको विवरण** | **सम्बन्धित हितग्राहीको पूरा नाम, हितग्राही खाता नम्बर तथा आर्थिक वर्षहरु** |

***नोटः*** आ.ब. २०७५/२०७६ सम्ममा खाता खोल्नु भएका हितग्राहीहरुले मिति २०७६ आषाढ २० गतेभित्र वार्षिक शुल्क (हरु) बुझाई आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन अनुरोध छ। अन्यथा उक्त मिति पश्चात बुझाउनु पर्ने संचालन शुल्क नबुझाउनु हुने हितग्राहीहरुको खाता संचालन शुल्क नबुझाएसम्म Freeze भएर रहने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**पुनश्चः**

१. यस कम्पनीको बैंक खातामा शुल्क जम्मा गर्दा हितग्राही खातावालाको नाम, थर, हितग्राही खाता नम्बर तथा कुन आर्थिक वर्षको शुल्क हो अनिवार्य रुपमा उल्लेख हुनुपर्नेछ। सो विवरण पुरा नभई वा फरक परेमा सो को जिम्मेवारी हितग्राही स्वयं हुनेछ।

२. MERO SHARE **सेवा लिइरहनु भएका हितग्राही महानुभावहरुले सो सेवा संचालनमा आएको एक वर्षाको अवधिभित्र नविकरण गरिसक्नु पर्ने र सो समयावधिभित्र नविकरण नभएमा उक्त सेवा स्वतः बन्द हुने भएको हुंदा बार्षिक शुल्क नविकरण गर्ने समयमा नै उक्त** MERO SHARE **सेवाको शुल्क समेत नविकरण गर्न सक्नु हुनेछ ।**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**